**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०१ अगष्ट २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

१. निर्वाचन आयोगले आज देशका उपराष्ट्रपति पदको लागि चुनाव कार्यक्रमको घोषणा गरेको छ।

२. दुर्गा पूजाअघि उत्तर बङ्गालका जनताका लागि भारतीय रेलवेले ठूलो उपहार दिने घोसना गरेको छ ।

३. मुख्यमन्त्री ममता बेनर्जीले यस वर्ष दुर्गा पूजा समितिहरूलाई एक लाख 10 हजार रुपियाको आर्थिक सहायता दिने घोषणा गर्नुभएको छ।

४. मिरिक महकुमा अन्तर्गत पानीघट्टाको रिजिम फरेस्ट क्षेत्रभित्र जंगली हात्तीको आक्रमणबाट एक महिलाको मृत्यु भएको छ।

५. मौसम विज्ञान विभागले उत्तर बङ्गालमा आगामी सात दिनसम्म वर्षा जारी रहने बताइएको छ ।

**उपराष्ट्रपति चुनाव**

निर्वाचन आयोगले आज देशका उपराष्ट्रपति पदको लागि चुनाव कार्यक्रमको घोषणा गरेको छ। निर्वाचन आयोग अनुसार, चुनाव 9 सेप्टेम्बरमा हुनेछ। गत महिना उपराष्ट्रपति पदबाट जगदीप धनखडले राजीनामा दिनु भएपछि यो चुनाव आवश्यक भएको छ। यो 17 औं उपराष्ट्रपतिको चुनाव हुनेछ। उपराष्ट्रपतिको चुनाव एक निर्वाचक मण्डलद्वारा गरिन्छ।जसमा लोकसभा र राज्यसभाका सदस्यहरू सामेल हुन्छन। चुनावको अधिसूचना यसै महिनाको 7 तारिखमा जारी गरिनेछ र इच्छुक उम्मेदवारहरूले यस महिनाको 21 तारिखसम्म आफ्नो नामांकन दर्ता गर्न सक्नेछन्। नामांकन पत्रहरूको जाँच 22 अगस्त मा हुनेछ भने नाम फिर्ता लिने अन्तिम तिथि यसै महिनाको 25 तारिख रहेको छ। मतगणना 9 सेप्टेम्बरमा हुनेछ।

**रेलवे**

दुर्गा पूजाअघि उत्तर बङ्गालका जनताका लागि भारतीय रेलवेले ठूलो उपहार दिने घोसना गरेको छ । दक्षिण दिनाजपुर जिल्लाको अलुआबारी रोड स्टेशनदेखि न्यू जलपाईगुडीसम्म तेस्रो र चौथो रेल मार्ग बिछयाउने परियोजना स्वीकृत भएको रेलमंत्री अस्विनी बैस्बवले बताउनु भयो भने यो परियोजनाले उत्तर बङ्गाल, उत्तरपूर्वी भारत र भुटानलाई देशका अन्य भागसँग जोड्ने रेल संपर्क व्यवस्थामा उल्लेखनीय सुधार गर्ने अपेक्षा गरिएको मंत्री बैस्बवले बताउनु भयो।

बाइट रेलमन्त्री

यी सबै परियोजनाहरूलाई वर्ष २०२८–२९ सम्ममा सम्पन्न हुने अपेक्षा गरिएको छ भने यसलाई उत्तर बङ्गालमा पूर्वाधार सुदृढीकरणको दिशामा एक प्रमुख कदमको रूपमा हेरिएको छ।

**मुख्यमंत्री**

मुख्यमन्त्री ममता बेनर्जीले यस वर्ष दुर्गा पूजा समितिहरूलाई ठूलो उपहार दिने घोषणा गर्नुभएको छ। हिजो कोलकाताको नेताजी इन्डोर स्टेडियममा आयोजित एक बैठकमा मुख्यमन्त्रीले यस पटक प्रत्येक दुर्गा पूजा समितिलाई राज्य सरकारले एक लाख 10 हजार रुपियाको आर्थिक सहायता दिने घोषणा गर्नुभयो। यो रकम अघिल्लो वर्षको ८५ हजारको तुलनामा २५ हजारले अधिक

हो। यसका साथमा मुख्यमन्त्रीले राज्य विद्युत वितरण बोर्डलाई पूजा समारोहमा लाग्ने बिजुली शुल्कमा ८० प्रतिशत छुट दिन पनि निर्देशन दिनुभयो। बैठकमा कोलकाता नगर निगम, पुलिस प्रशासन, अग्निशमन विभाग, स्वास्थ्य र परिवहन विभाग लगायतका प्रमुख निकायका प्रतिनिधिहरू पनि उपस्थित थिए।

**'भाषा रैली'**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आगामी 06 अगस्तमा झाड़ग्राममा 'भाषा रैली' को नेतृत्व गर्नुहुनेछ। यो ऱ्याली भाजपा शासित राज्यहरूमा बंगाली भाषी मानिसहरूमाथि कथित हमलाहरू विरूद्ध विरोध स्वरूप आयोजित गरिँदैछ। शान्तिनिकेतन र कोलकातामा अगावै यस्ता दुई ऱ्यालीको आयोजन गरिसकेकी मुख्यमन्त्री अब जंगलमहलको आदिवासी बहुल क्षेत्र झाड़ग्राममा सड़कमा उर्लिनुहुनेछ।

**'चिकन नेक**

केन्द्र सरकारले उत्तर बङ्गालको 'चिकेन नेक' क्षेत्रमा टिस्टा नदीमा निर्मित महत्वपूर्ण पुलहरूको सुरक्षाका लागि निगरानी बढाएको छ। शुक्रबार केन्द्र र राज्यका सुरक्षा निकायले संयुक्त रूपमा टिस्टा नदीमा रहेको पुलमा 'मोक ड्रिल' गरेका थिए ।उत्तर बङ्गालको संवेदनशील क्षेत्रमा सुरक्षा सतर्कता बढाउने केन्द्र सरकारको रणनीतिअन्तर्गत यो अभ्यास गरिएको हो। बाँकी भारतलाई उत्तर–पूर्वी राज्यसँग जोड्ने एक मात्र साँघुरो करिडोर 'चिकेन्स नेक' भनिने क्षेत्रमा टिस्टा नदीमा निर्माण हुने पुलको विशेष हेरचाह भइरहेको छ । सिक्किमबाट उद्गम भएको टिस्टा नदी जलपाईगुडी, कालिम्पोङ र कूचबिहार हुँदै सीधै बङ्गलादेशमा मिसिन्छ। तिस्ता बजारदेखि सेवक, गाजलडोबा, मेखलीगञ्ज, हल्दिबारी र जैन पुलसम्म यस मार्गमा धेरै महत्त्वपूर्ण पुलहरू छन्, जसले सिलिगुडीलाई उत्तर-पूर्वी भारतसँग जोड्दछ।

**हात्तीको आक्रमण**

मिरिक महकुमा अन्तर्गत पानीघट्टाको रिजिम फरेस्ट क्षेत्रभित्र जंगली हात्तीको आक्रमणबाट एक महिलाको मृत्यु भएको छ।प्रत्यक्षदर्शीहरूका अनुसार, एक आधिबासी महिला बिहानको समयमा बन क्षेत्रतर्फ गएकी थिइन्, त्यही क्रममा अचानक जंगली हात्तीको सामना भयो भने हात्तीले आक्रमण परि घटनास्थलमै उनको मृत्यु भयो।
यसैबीच स्थानीय बासिन्दाहरूले बन विभागसँग बारम्बार सुरक्षा व्यवस्था सुदृढ गर्न अनुरोध गर्दै आएका छन्। जंगली हात्तीको आवतजावत यस क्षेत्रमा सामान्यजस्तै भइसकेको भए तापनि, आवश्यक कदम नचालिँदा ज्यान जाने घटनाहरू दोहोरिइरहेका छन्।यस घटनाले स्थानीयमा अत्यन्त त्रासको वातावरण सिर्जना गरेको छ। बन विभाग र प्रशासनलाई तुरुन्त प्रभावकारी कदम चाल्न स्थानीयहरूले माग गरेका छन्।

**मेगा क्रेडिट कैंप**

राज्य सरकारको आनन्दधारा योजना अन्तर्गत जिला ग्रामीण विकास सेल(DRDC)- द्वारा एक मेगा क्रेडिट शिविर र लाभ वितरण कार्यक्रम दार्जिलिङको भानु भवनमा आयोजना गरिएको थियो। कार्यक्रममा **गोरखालैंड क्षेत्रीय प्रशासन** प्रमुख कार्यपाल अनित थापा, डी आर डी सी सभासद, बिनिता खम्बु राई र दार्जिलिङ जिल्लाका एडीएम जनरल अनिर्बान चटर्जीको विशेष उपस्थिति रहेको थियो। आजको कार्यक्रममा ४४३ स्व :निर्भर समुहलाई उनीहरूको जीविका गतिविधिहरू सुरु गर्न नगद ऋण सहायता प्रदान गरिएको छ। जसमा इन्टरप्राइज फाइनान्सले १०१ एसएचजी उद्यमीहरूलाई व्यवसाय विस्तारको लागि कुल १४३ करोड ऋण वितरण गरीरहेको छ।

**चिया बोनस**

चिया बोनसमाथि दार्जीलिङ टी एसोसिएशनले 8 अगस्तमा बैठक डाकेको छ। प्लान्टर्स क्लब डीटीए शाखा कार्यालयमा अपरान्ह 3 बजी प्रस्तावित सभामा 9 वटा राजनीतिक दलका प्रति श्रमिक सङ्गठनका दुईजना प्रतिनिधिहरु उपस्थित भइदिन मुख्य सल्लाहकार सन्दीप मुखर्जीले बताउनुभयो।

**युथ लिडरशीप**

रोटरी क्लब अफ् दार्जीलिङले तीन दिवसीय अन्तर्राष्ट्रिय रोटरी युथ लिडरशीप अवार्ड शिविर शुरू गरेको छ। स्थानीय हिमालयन पर्वतारोहण संस्थान परिसरमा शुरू गरिएको यस शिविरमा दार्जीलिङ, सिक्किम, नेपाल साथै अन्य स्थानका मोठ 103 जना युवा-युवतीहरूले भाग लिइरहेका छन्। यस शिविरमा क्लबले हालै माउण्ट एभरेष्ट आरोहण गर्ने प्रतिभा राईलाई ब्राण्ड एम्बासडर बनाएको छ।

**कालेबुङ**

कालेबुङमा यसवर्ष तीन दिवसीय स्वतन्त्रता दिवस समारोह आयोजना गरिने भएको छ। आज आयोजक पक्षबाट अध्यक्ष बारुद थापा अनि सचिव अमिर बस्नेतले उक्त जानकारी दिँदै यसवर्ष विशेष कार्यक्रमहरू समावेश गरेर समारोहलाई तीन दिवसीय बनाइएको बताएका छन्। कार्यक्रममा फुड फेस्ट सगै 17 अगस्टको दिन विशेष सांस्कृतिक कार्यक्रम आयोजना गरिने बाहिरका थप विद्यालयहरूलाई समावेश गरिने बताइएको छ ।

**मौसम**

मौसम विज्ञान विभागले उत्तर बङ्गालमा आगामी सात दिनसम्म वर्षा जारी रहने बताइएको छ । शुक्रबार सबै जिल्लामा चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ भने शनिबारदेखि सोमबारसम्म दार्जिलिङ, कालिम्पोङ, जलपाईगुडी, उत्तर र दक्षिण दिनाजपुर र माल्दामा भारी वर्षाको लागि यल्लो अलर्ट जारी गरिएको छ। यस्तै मंगलबार र बुधबार दार्जिलिङ, कालिम्पोङ, अलिपुरद्वार, कूचबिहार, जलपाईगुडी र उत्तर र दक्षिण दिनाजपुरमा छिटपुट वर्षाको प्रबल सम्भावना रहेको तथा यी जिल्लाहरूमा सतर्क रहन सल्लाह मौसम विभागले दिएको छ।

****** ० ******